आज मिति २०८२ साल पुष ३ गते यस रैनादेवी छहरा गाउँपालिकाको नियमित कार्यपालिका बैठक गाउँपालिका अध्यक्ष श्री रुकमाङ्गत भट्टराईको अध्यक्षतामा बसी तपशील पदाधिकारीको उपस्थितिमा देहाय बमोजिमको निर्णय गरियो।

| क्र स | नाम थर | पद | मोबाइल नं | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | रुकमाङ्गत भट्टराई | अध्यक्ष | ९८५७०३७१४८ | [signature] |
| २ | युवराज थापा | उपाध्यक्ष | ९८५७०६२०६३ | [signature] |
| ३ | देवेन्द्र पुन | प्रवक्ता | ९८४९०१८७८१ | [signature] |
| ४ | सोम बहादुर दर्लामी | वडा अध्यक्ष | ९८५७०६९८४१ | [signature] |
| ५ | दान बहादुर पौडेल | वडा अध्यक्ष | ९८५७०६२५४८ | [signature] |
| ६ | प्रदिप पौडेल क्षेत्री | वडा अध्यक्ष | ९८४७१००२८८ | [signature] |
| ७ | गोविन्द बहादुर रायमाझी | वडा अध्यक्ष | ९८५७०६२२४२ | [signature] |
| ८ | हुमानसिंह कार्की | वडा अध्यक्ष | ९८५७०३४७०७ | [signature] |
| ९ | दोम बहादुर घर्ति | वडा अध्यक्ष | ९८६०६९७७६३ | |
| १० | रेम बहादुर राना | वडा अध्यक्ष | ९८४०४५७९७८ | [signature] |
| ११ | लक्ष्मण हिताङ्ग | कार्यपालिका सदस्य | ९८५७०६०८८१ | [signature] |
| १२ | सुकमाया वि क | कार्यपालिका सदस्य | ९८६७४००८६४ | [signature] |
| १३ | महेश बराल | कार्यपालिका सदस्य | ९८५७०६२८०७ | [signature] |
| १४ | गिता राना | कार्यपालिका सदस्य | ९८४७१६८०६३ | [signature] |
| १५ | कविता खनाल | कार्यपालिका सदस्य | ९८६७१५६२०९ | [signature] |
| १६ | लक्ष्मी कुमाल | कार्यपालिका सदस्य | ९८४७१६८७१७ | [signature] |
| १७ | विवेक रणपाल परियार | सदस्य सचिव | ९८५७०७२०२५ | [signature] |
| | | **आमन्त्रित** | | |
| | नाम थर | पद | मोबाइल नं | हस्ताक्षर |
| १ | लिलामणि बस्याल | लेखा अधिकृत | ९८५७०८२८०१ | [signature] |
| २ | लक्ष्मण राना | प्रशासन शाखा प्रमुख | ९८५७०६८८५० | [signature] |
| ३ | जीवन राना | जन स्वास्थ्य अधिकृत | ९८५७०५०६९० | [signature] |
| ४ | | | | |

वैठकका प्रस्तावहरु

१ गाउँ सभा सम्बन्धमा ।

२ राजिनामा स्वीकृत सम्बन्धमा।

३ लक्षित कार्यक्रम सम्बन्धमा।

४ सार्वजनिक सुनुवाई सम्बन्धमा।

५ विविध।

निर्णयहरु:

१. रैनादेवी छहरा गाउँपालिकाको हिउँदे अधिवेशन मिति २०८२/९/२० गते दिनको १ बजे गर्ने सर्वसम्मत निर्णय गरियो।

२. सि.अ.न.मि विष्णु कुमारी पोखरेलको मिति २०८२/९/१ गते देखि लागू हुने गरी पेश गरेको राजिनामापत्र र सूचना प्रविधि अधिकृत नारायण मल्लको मिति २०८२/८/२४ बाट लागू हुने गरी पेश गरेको राजिनामा स्वीकृत गरियो।

३. महिला लक्षित कार्यक्रमका लागि सावुन तथा सरफ बनाउने तालिम प्रदान गर्ने निर्णय गरियो।

४. प्रथम चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम वडा नं ३ भुवन पोखरी र ८ नं वडा कार्यालयमा क्रमशः २०८२/९/९ र ११ गते सञ्चालन गर्ने निर्णय गरियो।

५. मर्मतसम्भार कार्यक्रमबाट भुक्तानी गर्ने गरी तपसिल बमोजिमका योजना लागत इस्टिमेट बमोजिम सञ्चालन गर्ने निर्णय गरियो।

तपसिलः

१. अम्लावास नेपाल बैंक देखि सिमलखोरिया सम्म लोकल ग्रावेल बिछ्याउने।

२. अम्लाबास कुसुनेचौर वडा कार्यालय जाने मो बा ग्रावेल बिछ्उने काम मर्मत।

३. श्री सुबोध प्राथमिक विद्यालय मर्मत तथा रंगरोगन ।

६. मिति २०८२/०८/२२ गते पेश भएको वडा नं २ को सिफारिस पत्र बमोजिम जुकेखोला लिफ्ट खानेपानी सन्चालनको लागि लागत ईस्टिमेट बमोजिम कार्यसम्पन्न पश्चात ५० प्रतिशत खर्च पालिकाले व्यहोर्ने गरी वडा कार्यालयको अनुगमन प्रतिवेदन संलग्न गरी मर्मत सम्भार कार्यक्रमबाट भुक्तानी गर्ने निर्णय गरियो।

७. मिति २०८२/०८/१६ गते पेश भएको वडा नं २ को सिफारिस पत्र बमोजिम भगवती महिला समूहको भवन मर्मत सम्भारका लागि लागत ईस्टिमेट बमोजिम वडा कार्यालयको अनुगमन प्रतिवेदन संलग्न गरी मर्मत सम्भार कार्यक्रमबाट भुक्तानी गर्ने निर्णय गरियो।

८. कृषि मेला २०८२ मा रैनादेवी गाउँपालिकाको तर्फबाट कृषि उपजको प्रतिनिधित्व हुने गरी १ वटा स्टल राख्ने निर्णय गरियो। साथै उक्त कार्यक्रममा सहभागी हुने कृषकलाई ढुवानी वापत रु ७५००/- कृषि धार्मिक पर्यटन तथा औधोगिक मेला कार्यक्रम शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

९. मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालयको नवप्रर्वतन साझेदारी परियोजना सञ्चालनको लागि अवधारणा पत्र पेश गर्ने सम्बन्धी सूचना प्रकाशित भए बमोजिम यस रैनादेवी छहरा गाउँपालिकामा प्रविधिमा आधारित शिक्षा, स्वास्थ्य, खानेपानी, नवीकरणीय उर्जा तथा फोहोरमैला व्यवस्थापन अन्तर्गत नवीकरणीय उर्जालाई प्राथमिकीकरण गर्ने निर्णय गरियो। साथै उक्त योजनाको लागि छचुवा-असौंधी- अमिले-तालपोखरा नविकरणीय उर्जा मार्फत सिचाई कार्यक्रम छनोट गर्ने निर्णय गरियो।

१०. महिला आय आर्जन तथा सिप बिकास तालिमका लागि रैनादेवी छहरा गाउँपालिकाबाट घरेलु तथा साना उद्योग कार्यालय तानसेन पाल्पालाई ब्युटिपालर तालिम माग गर्ने निर्णय गरियो।

११. मानव अधिकार तथा शान्ति समाज पाल्पा शाखाको आतिथ्यमा हुने कार्यक्रमको खाजा नास्ता बापतको रकम रु २०,०००/- कार्यक्रम खर्च शिर्षकबाट दिने निर्णय गरियो।

१२. मिति २०८२/०२/०४ को निवेदन बमोजिम रुपन्देहीको सैनामैना १० मा भएको मोटरसाइकल दुर्घटनामा परि मृत्यु हुने रैनादेवी छहरा-७ निवासी थमन गाहा र दान बहादुर रास्कोटीको परिवारलाई रु २० हजारका दरले विपद कोषबाट आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो।